आज मिति २०८०/०३/१७ गते आईतवारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री रामकुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री रमेश प्रसाद यादव | सचिव | |

**प्रस्ताव नं. १ भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड सम्बन्धमा ।**

<u>निर्णय न.१</u> प्रस्ताव नं. १ माथि छलफल गर्दा भू-उपयोग ऐन,२०७६ तथा भू-उपयोग नियमावली,२०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार रुपनी गाउँपालिका क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू-उपयोग ऐन,२०७६ को दफा (५) को उपदफा (४) बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ ।

१. हालको उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी विभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने ।
२. जोखिम लगायत अन्य सम्वेदनशील क्षेत्रको जग्गालाई नापी विभागबाट हस्तान्तरण भए वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने ।
३. यस अघि नापी विभागबाट आवासीय,व्यवसायिक र औद्योगिक क्षेत्रमा विभाजन भएको जग्गालाई सोही क्षेत्रमा वर्गीकरण गर्ने । तर गाउँपालिकाको आवश्यकता र उपयुक्त देखेमा आवासीय क्षेत्रलाई यस मापदण्डको अधिनमा रही व्यवसायिक क्षेत्रमा अध्यावधिक गर्न सकिनेछ ।
४. सरकारी,सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा (सेवा प्रदान गर्ने सरकारी कार्यालयहरु बाहेक) लाई सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण गर्ने ।
५. हाल उपयोगमा रहेका नदीनाला,ताल,तलैया,पोखरी( व्यक्तिको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी,खोला,ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने ।
६. स्थानीय तहबाट स्वीकृत प्राप्त गरी खानी तथा खनिजजन्य पदार्थहरु जस्तै ढुङ्गा,गिट्टी,बालुवा उत्खन्न गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने ।
७. हाल कायम सबै किसिमका वन पैदावार क्षेत्र (निजी जग्गामा भएको बाहेक) लाई वन वर्गीकरण गर्ने ।
८. हाल उपयोगमा रहेका मठ,मन्दिर,मस्जिद,गुम्बा,चर्च लगायत धार्मिक क्षेत्रले चर्चेका खाली जग्गा, परापूर्वकाल देखीका ऐतिहासिक धरोहर,साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रलाई साँस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने।
९. गाउँ क्षेत्रमा नेपाल सरकार,उद्योग मन्त्रालय बाट स्वीकृत औद्योगिक ग्राम सञ्चालन सम्बन्धी कार्यविधि २०७५ बमोजिम कम्तिमा एक वटा औद्योगिक ग्राम क्षेत्र निर्धारण गरी औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने ।
१०. हाल चलन चलनती उपयोग भईरहको पसल, बैंक तथा वित्तीय संस्था, होटेल, रेष्टुरा, हाटबजार लाग्ने स्थल,चमेना गृह,खाजा/फास्टफुड घर,व्यवसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र,सेवा प्रदान गर्ने सरकारी कार्यालय र सोले चर्चेका खाली जग्गा,निजी क्षेत्रबाट सञ्चालित अन्य कार्यालयहरु र सोले चर्चेका जग्गा,निजी क्षेत्रबाट सञ्चालित अस्पताल,विद्यालय,क्याम्पस,नर्सिङ होम,पोलिक्लिनिक,रेडियो तथा टेलिभिजन बोर्डकास्टिङ्ग संस्था,ईन्टरनेट सेवा प्रदायक संस्था लगायतलाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गर्ने ।
११. सरकारी कार्यालय रहेको स्थान र सम्भावित बजार क्षेत्रमा मुख्य चोकबाट १०० मीटरको परिधीमा सडकसँग जोडिएका कित्ताको क्षेत्रलाई व्यवसायिक क्षेत्रमा विभाजन गर्ने र सोको लम्बवत (perpendicular) १०० मीटरको क्षेत्रमा आवासिय क्षेत्रमा वर्गीकरण गर्ने ।

१२. हाल उपयोगमा रहेको आवासिय क्षेत्रको १०० मीटर परिधीमा रही तपसिल अनुसारका क्षेत्रलाई आवासिय क्षेत्रमा वर्गीकरण गर्ने :

- मुख्य लोकमार्ग र सहायक लोकमार्गको सडकको अधिकारबाट १०० मीटरको दुरीमा रहेको दाँया बाँयाको जग्गा,
- जिल्ला सडक,सहरी सडक (कृषि सडक बाहेक) लगायत १० मीटर भन्दा बढी चौडाई भएका सडकको किनारा देखी ९० मीटरको दुरीमा रहेको दाँया बाँयाको जग्गा,
- ६ मीटर भन्दा बढी र १० मीटर भन्दा कम चौडाई भएका सडकको किनारा देखी ८० मीटरको दुरीमा रहेको दाँया वाँयाको जग्गा,
- ४ मीटर भन्दा बढी र ६ मीटर भन्दा कम चौडाई भएका सडकको किनारा देखी ७० मीटरको दुरीमा रहेको दाँया वाँयाको जग्गा,
- उल्लेखित सडक भन्दा बाहेकका सडकको किनारा देखी ६० मिटरको दुरीमा रहेको दाँया वाँया जग्गा,
- हाल आवासिय प्रयोगमा रहेको घर जग्गा,

१३. क्रम संख्या (१) देखी (१२) बाहेकका क्षेत्रलाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने ।

**प्रस्ताव नं. २ मुद्दा मामिला सम्बन्धमा ।**

निर्णय न.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा उच्च अदालत जनकपुर राजविराज इजलासमा रिट निवेदिका रेश्मा देवी यादवले दायर गरेको ०७९-wo-०७३१ न. को निषेधज्ञा तथा रिट निवेदिका सांझा देवी यादवले दायर गरेको ०७९-wo-०७३२ न. को निषेधज्ञा रिट निवेदनमा उच्च अदालत जनकपुर राजविराज इजलाशबाट जारी भएको १५ दिने म्याद भित्र लिखित जावफ फिराउन नसकेको हुँदा सो गुज्रन गएको म्याद थमाई थाम्ही पाएको म्याद भित्र उच्च अदालत जनकपुर राजविराज इजलासमा लिखित जवाफ फिराउन यस गा.पा.समेतको तर्फवाट कानुनी सल्लाहकार शंकर कुमार मिश्रलाई प्रतिनिधि मुकरर गरी पठाउने गरी निर्णय गरियो ।साथै भैपरी आउने मुदा मामिलाहरु अन्तर्गत श्री सर्वोच्च अदालत,श्री उच्च अदालत जनकपुर,राजविराज इजलास तथा ससरी जिल्ला अदालत लगायत अन्य न्यायिक निकायमा यस गा.पा.माथि पर्ने सम्पूर्ण मुदा मामिलाहरूको लिखित जवाफ,प्रतिउतर लगायत यस गा.पा.ले दायर गर्नुपर्ने रिट निवेदन तथा फिराद्पत्र समेत सम्पूर्ण कार्यहरु गर्नलाई यस गा.पा.मा कार्यरत कानुनि सल्लाहकार शंकर कुमार मिश्रलाई प्रतिनिधि पठाउने गरि निर्णय गरियो ।

आज मिति २०८०/०३/३१ गते आईतवारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री रामकुमारी सदा | सदस्य | रामकुमरी |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री रमेश प्रसाद यादव | सचिव | |

प्रस्ताव नं. १ सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

निर्णय न. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस रुपनी गाउँपालिका अन्तर्गत सेवा करारमा कार्यरत रहेको सम्पूर्ण कर्मचारीहरुको म्याद मिति २०८० पौष मसान्त सम्मको लागि थप गर्ने निर्णय गरियो।